# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.न. ०८१०८१

मिति: २०८१/०३/०२

श्रीमान् जिल्ला सभापतिज्यू,
नेपाल मानव अधिकार संगठन
सबै जिल्ला शाखाहरु

**विषय: आवश्यक कारबाही गर्ने बारे ।**

महोदय,

नेपाल मानव अधिकार संगठनलाई प्रभावकारी संगठित बनाउँदै मानव अधिकारको क्षेत्रमा उत्कृष्ट कार्य गर्नको लागि १५औं राष्ट्रिय सम्मेलनले दिएको कार्यादेश, संगठनको केन्द्रीय कार्यसमितिको बैठकले गरेको निर्णय बमोजिम संगठनको केन्द्रीय कार्यालयले बुँदागत रुपमा संगठनका जिल्ला कार्यसमिति तथा सभापतिहरुले गर्नुपर्ने कार्यको विवरण यसै पत्रमार्फत उपलब्ध गराइएको छ । सो बमोजिम गर्न गराउन जानकारी गराईन्छ ।

साथै, नेपाल मानव अधिकार संगठनको विधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, मानवीय मूल्य, मान्यताको अधिनमा रही आवश्यक कामकारबाही अगाडि बढाउन समेत यसै पत्र मार्फत निर्देश गरिएको छ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष

बुँदाहरु:

१. सदस्यता नवीकरण नभएका कुनै पनि सदस्य कार्यसमितिमा बस्न अयोग्य रहने भएकाले जिल्ला कार्यसमिति सदस्यहरु तथा सक्रिय सदस्यहरुको सदस्यता यो पत्र प्राप्त भएको १५ दिनभित्र केन्द्रीय कार्यालयमा नवीकरण गर्ने गराउने । नविकरण शुल्कको हकमा केन्द्रमा ५०% बुझाउनु पर्नेछ ।

२. जिल्ला कार्यसमितिको यस अगाडि भएको अधिवेशन मिति, जिल्ला सभापतिको कार्य अवधि, कार्यकाल र हाल बहाल रहेको कार्य समितिको विवरण तथा सक्रिय सदस्यहरुको विवरण १५ दिनभित्र केन्द्रीय कार्यालयमा पठाउने । सक्रिय सदस्यहरुको विवरण पठाउँदा आजीवन र अन्य सदस्यहरुको विवरण स्पष्ट रुपमा खुलाई पठाउने र नवीकरण समेतको विवरण साथै राखी पठाउने ।

३. विधान बमोजिम निर्वाचित पदहरुमा २ कार्यकाल भन्दा रहन नसक्ने भएकाले २ कार्यकाल भईसकेका जिल्ला कार्यसमितिहरुले यो पत्र प्राप्त भएका मितिले ३ महिना भित्रमा जिल्ला अधिवेशन गराउने । अधिवेशन मिति, स्थान तत्काल केन्द्रीय कार्यालय मार्फत अध्यक्षलाई जानकारी गराउने तथा केन्द्रीय अध्यक्ष वा अध्यक्षले आधिकारीक रुपमा अख्तियारी दिई खटाएको प्रतिनिधिको उपस्थितिमा मात्र जिल्ला अधिवेशन गर्ने । (सो बाहेकको अवस्थामा गरेको अधिवेशनले मान्यता नपाउने जानकारी गराइन्छ) । जिल्ला कार्यसमिति गठन गर्दा जिल्लाका सबै पालिकाहरुको प्रतिनिधित्व गराउने ।

४. जिल्लामा घटेका मानव अधिकार उल्लंघनका सबै प्रकारका घटनाहरुको अभिलेख राखी त्रैमासिक रुपमा केन्द्रीय कार्यालयमा रिपोर्ट पठाउने । उक्त प्रतिवेदन पछिल्लो महिनाको पहिलो हप्ताभित्र केन्द्रमा पठाइसक्नु पर्नेछ ।

५. मानिसको बाँच्न पाउने हक, स्वतन्त्रता सम्बन्धी हक, बलपूर्वक विस्थापन, यातना, महिला बालबालिका विरुद्धको अपराध जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनाको बारेमा तुरुन्त केन्द्रीय कार्यालयमा जानकारी दिने र केन्द्रीय कार्यालयको निर्देशन बमोजिम आवश्यक काम गर्ने ।

६. संगठनको कुनै पनि आजीवन सदस्य तथा सक्रिय सदस्यहरु मानव अधिकार उल्लंघनका घटनामा संलग्न भएको पाइएमा कारबाहीको लागि केन्द्रीय कार्यालयमा सिफारिस गर्ने ।

७. संगठनको प्रतिनिधित्व गरी अन्य सरकारी वा गैर सरकारी संस्थाको कार्यक्रमहरुमा सहभागी भएमा उक्त सहभागीताको विवरण केन्द्रीय कार्यालयमा जानकारीको लागि पठाउने ।

८. केन्द्रीय कार्यालयले निर्देशन गरे बमोजिम मानव अधिकार संरक्षणका लागि प्रदर्शनी गर्ने, ज्ञापन पत्र दिने, विरोध कार्यक्रम गर्ने । स्थानीय स्तरमा मानव अधिकार संजालहरुले आव्हान गर्ने धर्ना, विरोधका कार्यक्रमहरुमा ऐकबद्धता जनाई सोको जानकारी केन्द्रीय कार्यालयमा पठाउने ।

९. केन्द्रीय कार्यालयले सम्बन्धित जिल्लामा आयोजना गर्ने विविध कार्यक्रमहरुलाई सफल बनाउन केन्द्रीय कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

१०. कुनै तालिम, प्रशिक्षण, गोष्ठी आदिमा संगठनको तर्फबाट प्रतिनिधित्व गर्दा सम्भव भएसम्म चक्रिय प्रणालीको आधारमा जिल्ला कार्यसमिति तथा सक्रिय सदस्यहरुबाट सहभागी गराउने र एक पटक कुनै एक विषयमा सहभागी भइसकेको व्यक्ति पुनः सोही विषयमा दोस्रो पटक सकेसम्म सहभागी नहुने ।

११. संगठनको प्रदेश समितिले आयोजना गरेका मानव अधिकार र संगठनसँग सम्बन्धित कार्यक्रम र गतिविधिहरुमा भाग लिने ।

१२. संगठनको सदस्यहरुले प्रत्यक्ष रुपमा विवादित हुने गरी कुनै पनि राजनीतिक दलको गतिविधिमा भाग नलिने । तर मानव अधिकार पर्यवेक्षणको सिलसिलामा पर्यवेक्षकको हैसियतले सहभागी हुने ।

१३. संगठनको नाम, लोगो, ज्याकेट, ब्यानर, परिचय पत्र, समाजिक संजाल लगायतमा गलत उद्देश्यले प्रयोग नगर्ने ।

१४. अन्तर्राष्ट्रिय रुपमा निम्न बमोजिमको मानव अधिकारसँग सम्बन्धित दिवसहरु मनाउने ।

क) वैशाख १९ गते (May 1) अन्तर्राष्ट्रिय श्रमिक दिवस - श्रमिकहरुको लागि नेपाल सरकारले तोकेको न्यूनतम ज्याला औपचारिक र अनौपचारिक क्षेत्रमा लागू गर्न स्थानीय गाउँपालिका तथा नगरपालिकामा ज्ञापन पत्र दिने, ज्ञापन पत्र दिँदा सदरमुकाम भएको स्थानीय तहमा सशरीर उपस्थित भई तथा सो बाहेकका निकायको हकमा जिल्ला समन्वय समिति मार्फत बुझाउने ।

ख) विश्व वातारण दिवस जेठ २३ (June 5) - वातावरण संरक्षणका लागि संगठनसँग आवद्ध सम्पूर्ण सदस्यहरु सहभागी भई वृक्षारोपण गर्ने ।

ग) विश्व शरणार्थी दिवस आषाढ ६ (June 20) - शरणार्थी बसोबास गरी आएका जिल्लाहरुले शरणार्थीलाई मानवोचित व्यवहारको लागि अनुरोध गर्दै प्रभाव फेरी कार्यक्रम गर्ने, केन्द्रबाट अन्य निर्देशन आएमा सोही बमोजिम गर्ने ।

घ) विश्व बाल अधिकार दिवस मंसिर ५ (November 20) - बाल श्रमिक उन्मुलनको लागि गोष्ठी, सभा आयोजना गर्ने वा सहभागी हुने ।

ङ) मंसिर १० (November 25) अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवस - अन्तर्राष्ट्रिय नारा बमोजिम महिला हिंसा रोकथामको सम्बन्धमा संगठनको उपस्थिति देखिने गरी सेतो रिवन लगाई स्थानीय स्तरमा आवश्यक कार्यक्रम गतिविधि गर्ने वा सहभागी हुने ।

च) अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस मंसिर २४ (December 9) - जिल्लामा भएका भ्रष्टाचार सम्बन्धी गतिविधि उल्लेख गरी प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री, सभामुख र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ज्ञापन पत्र दिने ।

छ) अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मंसिर २५ (December 10) - स्थानीय स्तरको मानव अधिकार संजालले आयोजना गर्ने कार्यक्रमहरुमा प्रभावकारी सहभागी हुने ।

ज) अन्तर्राष्ट्रिय नारी दिवस फागुन २४ (March 8) - राज्य संरचनामा महिलाको समानुपातिक प्रतिनिधित्वको लागि प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री, सभामुखलाई ज्ञापन पत्र दिने ।

१५. संगठनका आजीवन, सक्रिय, साधारण सहित कार्यसमितिका सदस्यहरुले संगठनको हित विपरित सामाजिक संजाल लगायत लिखित, मौखिक र आचरणबाट कुनै गतिविधि गरेमा कारबाहीको लागि केन्द्रीय कार्यसमितिमा सिफारिस गर्ने ।

१६. संगठनसँग असम्बन्धित व्यक्तिहरुले तथा केन्द्रीय कार्यालयको अनुमति बेगर संगठनको नाम, छाप, लोगो प्रयोग गरी खोलेका सामाजिक संजालमा सहभागी नहुन, त्यस्तो अवैधानिक कार्य गर्ने व्यक्तिलाई प्रोत्साहन नगर्न जिल्ला सभापतिले आफ्नो कार्यसमिति तथा सदस्यहरुलाई निर्देशन गर्ने तथा त्यस्ता अनाधिकृत काम कारबाही भएको जानकारी पाएमा केन्द्रीय कार्यालयमा जानकारी गराउने ।